# बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कर्मैया, सर्लाही

## आ.ब.२०८२/२०८३ को
## नीति तथा कार्यक्रम


प्रस्तुतकर्ता

कृष्ण कुमार लामा

कार्यबाहक नगर प्रमुख


CamScanner

उपस्थित कार्यवाहक उपप्रमुखज्यू, वडा नं१ देखि १२ सम्मका वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वडा समिति सदस्यज्यूहरु, वागमति नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतज्यू, शाखा प्रमुख तथा कर्मचारीजयूहरु, सुरक्षा निकायका प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु त्था अन्य उपस्थित महानुभावहरुमा मेरो सादर नमस्कार टक्र्याउछु ।

आर्थिक वर्ष २०८२।०८३ मा यस नगरपालिकाले सञ्चालन गर्ने योजनाहरुको निति तथा कार्यक्रम पेश गर्न पाएकोमा म आफुलाई गौरवान्वित महशुष गरि रहेको छु ।

प्रजातन्त्र प्राप्ति पछिका ७३ वर्ष राजनीतिक विभाजन, ध्रुवीकरण र त्यसकै वरिपरिको संघर्षमा वितेको कारण नेपाल लामो राजनीतिक तथा सामाजिक सङ्क्रमणबाट गुज्रन परेको थियो । देशमा प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतन्त्र सम्मको व्यवस्था परिवर्तनले राजनीतिक रूपमा जनताहरू प्रजावाट नागरिक वने पनि समृद्धि र पूर्वाधारका हिसावले प्रारम्भिक अवस्थामा रहेको सर्वविदित नै छ । तसर्थ सामाजिक लोकतन्त्रको परिकल्पना सहित राजनीतिक-प्रशासनिक शक्तिको तहगत विभाजन, र उक्त इकाईरूमा स्रोत तथा साधनहरूको न्यायोचित वितरणका माध्यमवाट समुचित विकास र समृद्धिको परिकल्पनालाई साकार पार्ने अठोट सहित जनताका प्रतिनिधिद्धारा निर्मित नेपालको संविधान २०७२ जारी भइसके पश्चातको निर्वाचनवाट नयाँ संघीय, प्रादेशिक र स्थानीय सरकारहरू गठन भएका कारण नयाँ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरूपको राज्यको तीन तहका सरकारले समग्र विकास तथा आर्थिक समृद्धिको लागि जनतालाई सेवा तथा सुविधा प्रदान गरिरहेकोले वर्षौंदेखि व्याप्त गरिवी, रोगव्याधी, पछौटेपन, अशिक्षा, असुविधा र अन्यायको दुश्चक्रमा पिल्सिएका आम नागरिकमा यस परिवर्तनले आशाको सञ्चार गराएको छ । यसै क्रममा सङ्घीय लोकान्त्रिक गणतन्त्र स्थापनाका लागि अमूल्य जीवन उत्सर्ग गर्नु हुने प्रातः स्मरणीय महान् सहिदहरूप्रति श्रद्धा सुमन अर्पित गर्दछु । यस क्रममा भएका सवै आन्दोलन तथा सङ्घर्षको नेतृत्व गर्नु हुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै, बेपत्ता परिवार, घाइते, अपाङ्ग तथा आन्दोलनमा अमूल्य योगदान गर्ने सम्पूर्ण दिदी वहिनी र दाजभुाइहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएका स्थानीय तहको अधिकारको थप व्याख्या गरी स्थानीय सरकारलाई स्थानीयस्तरका समग्र विकासका योजनाहरू निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने अधिकार प्रदान गरेको छ । ऐनको परिच्छेद-३ दफा ११ को उपदफा २ (छ) (१) मा स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्वन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन साथै बुँदा नं. २ मा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्राविधिक र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार समेत स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस वागमती नगरपालिकाको आवधिक योजना तयार गरी यसै वर्ष स्विकृत गरेको छ । निर्दिष्ट समय सीमाभित्र रही निश्चित प्रकारका विकास योजनाहरूलाई निर्दिष्ट उपलब्धिहरू हासिल गर्ने हेतुले निर्माण गर्दा विकासका क्रियाकलापहरू व्यवहारिक, समय सान्दर्भिक र उच्च प्रतिफलमूखी हुन जान्छन् । तसर्थ यस नगरपालिकामा उपलब्ध साधन र स्रोतको उच्चतम सदुपयोग गरी निर्दिष्ट समय सीमाभित्र, निर्दिष्ट उद्देश्य हासिल गर्न आवधिक योजनाको निर्माण भएको हो ।

**नेपालको संविधान २०७२** को **अनुसूची ८** तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को **दफा ११** को **उपदफा** २ (छ) र **दफा २४** वमोजिम नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागु भए पश्चात् स्वायत्त स्थानीय सरकारको रूपमा स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्वन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार संघीय तथा प्रादेशिक कानुन तथा नीति नियमहरूसग सङ्गत हुने गरी हामीलाई नै प्राप्त भएको वैधानिक व्यवस्था छ ।



CamScanner

**नेपालको संविधानको धारा ५९** बमोजिम विभिन्न तहका सरकारहरूलाई प्राप्त वित्तीय अधिकार तथा धारा ६० बमोजिम राजश्व श्रोतको बाँडफाँट गर्ने प्रावधानहरूलाई समेत राजश्वको अधिकार, त्यसको बाँडफाँट, ऋण, अनुदान, आन्तरिक आय, बजेट व्यवस्थापन, सार्वजनिक खर्च र वित्तीय अनुशासन कायम गर्न आवश्यक व्यवस्थाहरू तथा यसै बमोजिम प्राप्त भएका बजेट सिलिङ तथा स्विकृत आवधिक योजनालाई आधार बनाएर निति तथा कार्यक्रमको तर्जुमा गरिएको छ ।

लामो राजनीतिक संक्रमण पश्चात राजनीतिक स्थायित्वको जगमा उभिएर तीव्र आर्थिक विकास र समृद्धिको लागि आयमा वृद्धि, गुणस्तरीय मानव पूँजी निर्माण तथा आर्थिक जोखिमहरूलाई न्यूनीकरण गर्दै वि.स. २०७९ देखि अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्दै वि.स. २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै उच्च मध्यम आयस्तर भएका मुलुकमा रूपान्तरण हुने गरी दीर्घकालीन सोच वि.सं.२१०० नेपाल सरकारले तयार गरी सार्वजनिक गरेकोछ ।

**दीर्घकालीन सोच वि. सं. २१०० ले लिएका राष्ट्रिय रणनीतिहरु तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्ने, सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने, आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने, उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने र सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने** हरुलाई आत्मसात गर्दै राष्ट्रिय लक्ष्य हासिल गर्न साधन-स्रोतको अधिकतम सदुपयोग गर्दै आगामी योजनाहरू तर्जुमा गर्दा प्राथमिकतामा परेका देहाय बमोजिमका योजनाहरुलाई ध्यान दिइएको छ ।

१. शिक्षा, स्वास्थ, कृषि, सूचना प्रविधि तथा सञ्चार, पूर्वाधार,
२. गुणस्तरीय मानव पूँजी निर्माण, उद्यमशील कार्य, संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग,
३. गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार,
४. आधुनिक, दिगो र व्यवस्थित शहरीकरण, आवास र बस्ती विकास,
५. अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार,
६. सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति र
७ शासकीय सुधार र सुशासन अभिवृद्धि ।

स्विकृत आवधिक योजनाका मध्यकालिन तथा दिर्घकालिन लक्ष्यहरू हासिल गर्न देहायका कार्यक्रमहरुमा बजेट व्यवस्थापन गर्ने तथा आवश्यक कानून बनाइ लागु गरिने छ :

- आर्थिक आत्मनिर्भरताको स्थिति निर्माण गर्न तुलनात्मक लाभ हुन सक्ने स्थानीय कृषिबाली र आधारभूत खाद्य वस्तुको उत्पादनमा वृद्धि गर्ने ।
- कृषि तथा उद्योग क्षेत्रमा सिर्जना भएका स्थानीय रोजगारी र सम्भाव्य रोजगारी क्षेत्रका लागि चाहिने क्षमता र सिपयुक्त जनशक्ति निर्माण र विकासमा लगानी गर्ने ।
- विद्यमान सडक सञ्जालको उपयोग हुने गरी आर्थिक सम्भावनाका आधारमा कृषि, पर्यटन क्षेत्रलाई सम्बोधन गर्ने उद्योग स्थापना र सञ्जालमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।
- व्यावसायीकरण, विविधिकरण र आधुनिकीकरण गरी कृषिजन्य उद्योगलाई विकासको संवाहक बनाउने ।
- कृषि अनुसन्धान क्षेत्रमा आधुनिक तथा नवीनतम प्रविधि विकास गर्ने ।
- चुरे क्षेत्रलाई जलसंरक्षणका लागि आधारस्तम्भ मानी जलसंरक्षणलाई प्रतिकूल असर गर्ने क्रियाकलाप रोकथाम हुनेगरी भू-संरक्षण तथा उपयोग नीति बनाउने ।



CamScanner

- अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधारभूत र माध्यमिक शिक्षा पद्धतिलाइ रोजगारी र उद्यमशीलतामूलक बनाउने ।
- शैक्षिक सामाजिक चेतनास्तर कमजोर रहेको जातीय समूह समुदायका लागि स्थानीय रूपमा उपलब्ध अवसरहरूमा विशेष प्राथमिकता दिने ।
- स्थानीय तथा भारतीय पर्यटकको सांस्कृतिक र धार्मिक अभिरुचि सम्बोधन हुने गरी सबै मौसममा चलायमान पर्यटन र मनोरञ्जन स्थल निर्माण तथा विकास गर्ने ।
- बसाइँसराईको व्यवस्थापनका लागि आफ्नो क्षेत्रको भूमि सम्बन्धी नीति तथा भू-उपयोग योजना अनुरुप एकीकृत बस्ती विकासको रणनीति लिने ।
- कृषि योग्य भूमि र वन क्षेत्रको संरक्षण गर्न र युवाहरूलाई कृषि पेशातर्फ आकर्षित गराउन विभिन्न कार्यक्रम संचालन गर्ने ।

**केही मूल नीतिहरू यस प्रकार छः**

१. भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन क्षेत्रलाइ समेट्ने गरी आयोजना छनौट गरी कार्यान्वयन गर्ने । निर्माणाधीन र विभिन्न कारणवाट अधुरो अवस्थामा रहेका पूर्वाधारका आयोजनाहरूलाइ शीघ्रातिशीघ्र सम्पन्न गर्न प्राथमिकता दिने ।

२. सन्तुलित विकास गर्ने ध्येय अनुरूप प्राथमिकताका आधारमा आयोजनाहरू छनौट गर्ने ।

३ भू-उपयोग नीति तथा प्रचलित ऐन वमोजिम भूमिको वर्गीकरण अनुसार कृषि, उद्योग र आवास क्षेत्रहरुको भूमिको उपयुक्त उपयोग गर्ने ।

४. युवाहरूलाई प्राविधिक शिक्षा र व्यावसायिक सिप वृद्धिका विभिन्न कार्यक्रम मार्फत् क्षमता विकास गरी स्वरोजगारी र रोजगारीका अवसर सिर्जना र आय आर्जन वृद्धि गर्ने र स्वदेशमा नै रोजगारी उपलब्ध गराइ बाध्यात्मक रूपमा वैदेशिक रोजगारीमा जानुपर्ने स्थिति अन्त्य गर्ने ।

५. उपलब्ध साधन स्रोतको अधिकतम प्रयोग गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गरी नागरिकको स्वस्थ्य रहन पाउने मौलिक अधिकार सुनिश्चित गर्ने ।

६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय तथा एकल महिला र बालबालिकालाई आवश्यक सहयोग उपलब्ध गराइ सम्मानजनक जीवनयापन गर्न सक्ने स्थिति सिर्जना गर्ने ।

७. सामाजिक मूल्य मान्यता, धर्म, संस्कृति, कला, भाषा र साहित्यको संरक्षण, सुधार सम्वर्द्धन गर्दै सामाजिक सहिष्णुता र सद्भाव प्रवर्द्धन गर्ने ।

८. उपलब्ध प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थित ढंगले उत्खनन् तथा सदुपयोग गर्ने ।

९. निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक संस्थाहरू, गैरआवासीय नेपाली र वैदेशिक लगानी आकर्षित गर्न सहजिकरण गर्ने ।

१० भौतिक पूर्वाधारको विकासलाई समग्र आर्थिक सामाजिक विकाससंग तादाम्यता मिलाउदै जनप्रतिनिधिहरूको संलग्नता सहित जनसहभागितामूलक विकास प्रक्रिया अवलम्वन गर्ने ।

११. आवधिक योजनामा राखिएको आर्थिक वृद्धि तथा समृद्धिका लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने गरी संघ तथा प्रदेशवाट यस स्थानीय तहमा साधन विनियोजन एवम् लगानी केन्द्रित गर्ने र कार्यान्वयन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने ।

१२. स्विकृत कर्मचारी दरवन्दि वमोजिम पदपुर्ति गरिदै लाने तथा उक्त अवधि सम्मका लागि कार्यरत कर्मचारीवाट नै सेवा प्राप्त गर्ने र उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने ।



CamScanner

१३. बालबालिका भविश्यका सक्षम तथा उर्जावान नागरिक भन्ने नाराका साथ विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ, बालश्रम मुक्त नगरपालिका, बालविवाह मुक्त नगरपालिकाको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४. बागमति माछापोखरी लगायतका पर्यटकिय स्थानहरुलाई सुरक्षित, सम्मानित पर्यटन गन्तव्यका रुपमा विकास गर्दै पर्यटनबाट आकर्षक रोजगार बृद्धिका सम्भावनाहरुलाई स्थापित गरिने तथा बाध्यात्मक वैदेशिक रोजगारलाई न्यूनिकरण गरिने ।

१५. बागमति नगरपालिकाका पहाडी क्षेत्रमा कृषि सम्वन्धि सम्भावनाहरुको खोजी तथा अनुसन्धान गरी कृषिमा आत्मनिर्भरताको बृद्धि गरिने ।

१६. जग्गा भोगअधिकारका समस्या निरुपणका लागि सम्वन्धित निकायमा पहलकदमि गरिनेछ ।

१७. खेलकुद विकासका लागि नगरस्तारीय कानून निर्माण गरिएको छ । खेलकुद परिषद गठन पश्चात खेलकुदमा विकास भई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलाडी उत्पादन हुने विश्वास लिएको छु ।

## यस नगरपालिकाको दीर्घकालीन सोच

"स्वास्थ्य, शिक्षा, कृषि र रोजगार, समृद्ध बागमती, पर्यटन र पूर्वाधार" गत नगरसभाबाट पारित गरीएको छ ।

## दीर्घकालीन सोचका लक्ष्यहरु देहाय बमोजिम नगरसभाबाट पारित गरिएको छ ।

भूमिको वैज्ञानिक सदुपयोग गरि आधुनिक र व्यवसायिक कृषि, पर्यटन र दिगो पुर्वाधार विकास मार्फत स्वच्छ, सुन्दर र समुन्नत नगरपालिका निर्माण गर्ने ।

## दीर्घकालीन सोचका लक्ष्यहरुको प्राप्तिका निम्ति निम्न उद्देश्यहरू पारित भएका छन् ।

- दिगो विकास लक्ष्य र निर्धारित सूचकहरु हासिल गर्नु ।
- शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा तथा संरचनाहरुमा सबैको पहुँचको सुनिश्चितता गर्नु ।
- समावेशी विकास प्रर्वद्धन सहित असमानता न्यूनीकरण गरी विकासमा सबैको अपनत्व सुनिश्चित गर्नु ।
- कृषि उत्पादकत्व वृद्धि तथा उद्यम विकास गरी द्रुत आय आर्जनका अवसरहरु सिर्जना गरेर उच्च आर्थिक वृद्धिदर प्राप्त गर्नु ।
- सुशासन तथा नगरपालिकाबासीहरुलाई सामाजिक न्यायको प्रत्याभूति गर्नु ।
- प्रविधि विकास तथा विस्तार गर्नु ।
- मानव अधिकार संरक्षण, दण्डहिनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिश्चित गर्नु ।

### लगानी, स्रोत अनुमान र बाँडफाँट

नेपालको संविधान २०७२ को धारा २२९ मा स्थानीय संचित कोषको प्रवन्ध गरिएको छ । यस कोषमा स्थानीय तहलाई प्राप्त हुने सवै प्रकारको राजश्व नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा स्थानीय तहले लिएको ऋण र अन्य श्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ । नगरपालिकाले लिएको लक्ष्य हासिलका निम्ति अन्य श्रोतबाट रकम जुटाउने तर्फ विशेष पहल गरिने छ ।

### बागमती नगरपालिकाका गौरवका आयोजना (Signature Projects)

यस नगरपालिकालाइ आर्थिक सामाजिक तथा वातावरणीय हिसावले सम्वृद्ध सौहार्द र स्वच्छ तुल्याउन प्रत्यक्ष र परोक्ष रुपमा योगदान गर्ने साथै नगरपालिकाको उच्च प्राथमिकतामा परेका आयोजनाहरुलाइ नगरका गौरवका आयोजनाको रुपमा गत विगत वर्षमा नै घोषणा भएको नगरपालिकाका गौरवका आयोजनाहरुको संक्षिप्त विवरण देहायवमोजिम रहेको छ । यी आयोजना तय गर्दा नगरपालिकाको सवल पक्षहरु, उपलब्ध प्राकृतिक तथा मानवस्रोत, साधन र स्थानीय आवश्यकतालाइ समेत मध्यनजर गर्दै पहिचान भएको र निर्माणधिन आयोजनाहरुलाइ पुर्ण वनाउने लक्ष्य लिइएको छ ।

१ मिनीचेयर नेपालको आखिभ्र्याल योजना

२ व्यवस्थित आर्यघाट निर्माण योजना

३ बजार केन्द्र निर्माण योजना

४ सामुहिकृत सांस्कृतिक नमूना वस्ती विकास योजना

५. बागमती माछापोखरी निर्माण योजना

७ बागमती फनपार्क एण्ड रिसोर्ट निर्माण

८. कृषि आधुनिकिकरण योजना

९. ल्याण्ड पुलिङ् योजना

१०. नगर बँगैचा आयोजना

११. डिजिटल गभर्नेन्स योजना

१२. बौद्ध तपोवन पर्यटकीय स्थल निर्माण आयोजना

बागमति नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को प्रस्तुत नीति तथा कार्यक्रमले संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयन मार्फत "स्वास्थ्य, शिक्षा, कृषि र रोजगार, समृद्ध बागमती, पर्यटन र पूर्वाधार" को सपनालाई साकार पार्नेछ। यस नीति तथा कार्यक्रममा अन्तर्निहित उद्देश्य प्राप्त गर्न नगरपालिकाले सहमति, सहकार्य र सामूहिक प्रतिवद्धताको नीति अवलम्वन गर्नेछ। प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा नगरपालिकालाई सबैबाट सक्रिय सहयोग प्राप्त हुने आशा लिएको छु।

अन्त्यमा, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मी, मजदुर, किसान, उद्योगी व्यवसायी, बैङ्क तथा वित्तीय क्षेत्र, सामुदायिक तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण दाजभाइ तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। नगरपालिकाको विकासमा निरन्तर सहयोग पुर्याउँदै आएका नेपाल सरकार, मधेश प्रदेश सरकार र साझेदार संघ संस्थाहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु।

धन्यवाद  
कृष्ण कुमार लामा  
का.वा. नगरप्रमुख



CamScanner